हाम्रो प्रजाशक्ति

गान्तोक, वर्ष १८, अङ्क ३१५, १३ अक्टोबर, २०१७
विक्रम संवत् २०७४, असोज २८ गते, शुक्रवार


## इतिहास दोहोरिन्छ

इतिहास दोहोरिन्छ। दार्जीलिङको राजनैतिक इतिहास पनि यसरी नै दोहोरिएको छ। कुनै बेला सुवास घिसिङको दार्जीलिङमा एकतन्त्र शासन चल्थ्यो। तिनको बोली नै शासन थियो। घिसिङले जे भन्थे, दार्जीलिङ पहाडले त्यही कुरालाई हुबहु पालन गर्नुपर्ने बाध्यता थियो। चारैतिर तिनको जयजयकार थियो। तर समयको क्रममा सुवास घिसिङ जस्तो प्रभावशाली नेता पनि पहाडबाट भागेर आफ्नो अन्तिम दिन गुमनाममा बिताए, अनि त्यसरी नै तिनको अन्त पनि भयो। अहिले घिसिङ एक इतिहास मात्र भएका छन्, तिनको पार्टी पनि इतिहासको पन्नामा मात्रै सिमित छ।

त्यही घिसिङको छत्रछाँयामा हुर्केका विमल गुरुङले घिसिङलाई कुर्सीबाट हटाएर, घिसिङको कुर्सीमा बस्नपुगेको इतिहास छ। त्यसपछि शुरु भयो विमल राज। चारैतिर विमल! विमल! गुञ्जिनथाल्यो पहाडमा। विमलको बोली पनि घिसिङको जस्तै शासन हुनपुगे। विमलले पनि एकक्षत्र शासन चलाए। अन्तमा विमलको स्थिति पनि अहिले घिसिङको जस्तै नै भएको छ। विमलमाथि बंगाल सरकारले लगाएको मुद्दाको कारणले तिनी भूमिगत हुन बाध्य भएका छन्। अनि यसैको फाइदा लिंदै विमलकै छत्रछाँयामा बसेका विनय तामाङ विमललाई पहाडबाट विस्थापित गर्न लागिपरेका छन्। तिनले पहाडमा अहिले आफ्नो क्रियाकलापलाई अघि बढाएका छन्। शुरुमा विनयको कुरालाई त्यति ध्यान नदिए पनि पहाडवासीहरुले विस्तारै विनयलाई साथ दिने क्रम थुप्रै भइरहेको देखिन्दैछ। विनयको समर्थनमा शिक्षकहरु, युवा मोर्चा, महिला मोर्चाहरुका सदस्यहरु अघि आउन थालेका छन्। त्यति मात्र होइन, खरसाङ, दार्जीलिङ, मिरिक र कालेबुङ नगरपालिकाका अधिकांश पार्षदहरु पनि विनयको समर्थनमा नै अघि आएका छन्।

यसरी विनयले विमललाई घिसिङलाई जस्तै पहाडबाट निष्कासित गर्न सफल भएका छन्। हुन त यो कति लामो चल्ने हो, स्पष्ट छैन। तर यस लेख लेखुञ्जेल विनयलाई पहाडमा हिरो वेलकम् भइरहेको सामाजिक संजालहरुमा पोस्ट गरिएका तिनका फोटोहरुले प्रष्ट पार्दछ। यदि यो प्रवृति पहाडमा निरन्तर चलेमा भोलिको दिनमा विमललाई पहाड आउन निकै हम्मे पर्नेछ। विमल पहाडमा कसरी विस्थापित हुँदैछ भन्ने कुरा केही दिन अघि भाजपाका बंगाल अध्यक्ष दिलीप घोषले चुटाइ खानुले पनि दर्शाउँदछ। दिलीप घोष मुख्यतः पहाडमा विमलराज कायम रहेकोमा आश्वस्त थिए जसले गर्दा तिनी आफ्नो सुरक्षाकर्मीहरु नल्याई खुलेआम पहाड पसेका थिए। तर विमलको आफ्नो प्रभाव निकै खस्केको छ भन्ने तिनलाई या अधिकांशलाई थाहा थिएन। जसले गर्दा विमललाई बदनाम गराउनु, या त विमललाई कमजोर पार्ने विमलका विपक्षीहरु सफल हुनसके।

यसरी विनयले विमललाई विस्थापित त गराउला, तर तिनले यो पाठ पनि बुझ्नुपर्दछ कि एउटाले अर्कोलाई विस्थापित गर्नु मात्र कुनै ठूलो कुरा होइन। पहाडवासीहरुले न्याय पाउनुपर्दछ। पहाडवासीहरु लगायत विश्वभरीका गोर्खाहरुको एक मात्र आकांक्षा गोर्खाल्याण्डको गठनमाथि निर्णायक भूमिका खेल्नुसक्नुपर्दछ। त्यसो गर्न सके मात्र भोलिको दिनमा कसैले कसैलाई विस्थापित गराउनसक्नेछैन।

अन्तिम भाग

# ड. हर्कबहादुर छेत्री

## हिजो अनि आज



■ वीरेन लामा तीनधारे



कलकत्ता गएर राजीनामा दिँदा सुरक्षा पनि हुने साथै जिल्ला मुद्दाले जोर पर्किने प्रशस्त सम्भावना थियो। यस्तै कतिपय घटना र बयानले यो स्पष्ट गराउँदछ कि कलकत्तामा गएर राजीनामा दिनु त्यहाँ केही रहस्य निश्चय छ। विधायक पदबाट राजीनामा नदिएको र दलबाट नदिएको क्षतिपूर्ति स्वरुप कालेबुङे जनतालाई खुशी तुल्याउन जिल्लाको मुद्दा रामवाण औषधिको रूपमा लिएका होलान् साथै सफलता पनि प्राप्त भयो। यहाँ जिल्ला माग्ने अनि दिनेको पनि चतुरता झल्किन्छ। चतुरता कतिबेला देखियो भने नोटिफिकेशनबिनाको जिल्ला दिएर। हात्ती ता छिर्‍यो तर पुच्छर अड़काइदियो। अड़काएको पुच्छर चाहिँ हर्क सरलाई तृणमूल प्रार्थी घोषणा गरेर छिराइदियो।

यसरी कालेबुङ जिल्ला हर्क सरलाई बाध्यतावश उब्जिएको चतुरता थियो भने ममतालाई चाहिँ 'के खोज्छस् कानो आँखो' थियो। गोजमुमोभरि सबैभन्दा तीक्ष्ण बुद्धिका, चाणक्यझैं चतुर नीतिकार, चाटुकार, वाकपटुता र वाकशक्तिका धनी, ओंठे जवाफका शहनशाह, टीभी च्यानलको प्यानल डिस्कसनमा अग्रणी, तीन विधायकमध्ये सक्रिय र योग्य विधायक, बङ्गला भाषा स्पष्ट बोल्ने, अङ्ग्रेजी पनि पड़काइहाल्ने यतिका योग्य र बहुमूल्य व्यक्तिले गोजमुमो छोड़ी कलकत्तातिर लम्कनु भनेको ममताको निम्ति भारी 'गाड़धन' जतिकै नै थियो। यसरी कालेबुङ जिल्ला घोषणा भएको केही दिनपछि हर्क सरहरूद्वारा खोलिएको **जन आन्दोलन पार्टी (जाप)** तीव्र रफ्तारमा पहाड़को कुना कुनालगायत तराईतिर पनि फैलिन थालेकाले सायद ममताले अघिको भारी 'गाड़धन' अहिले शक्तिशाली एटम बम देख्न थालिन् किनभने त्यहाँ हर्क सर मात्र छैनन् विगत दिनका गोजमुमोका मुख्य-मुख्य व्यक्ति, वरिष्ठ अधिवक्ता अनमोल प्रसाद, अधिवक्ता अमर लामा छन् भने सारा राष्ट्रले मानेका वरिष्ठ अर्थशास्त्री साथै शिक्षाविद् डीडीयूडीएफ-का संस्थापक ड० महेन्द्र पी लामा पनि छन्। यसै कारण पनि हुनसक्छ कि तीव्र गतिमा बढ्दैगएको एटम बमरुपी जापलाई छिन्नभिन्न पार्न र वशमा राख्न ममताले हर्क सरलाई तृणमूल प्रार्थी घोषणा गरिन्। राज्य सरकारको छत्रछायामा परी गोजमुमो-बाट राजीनामा पनि दिनु फेरि नयाँ दल गठन गरी कृतज्ञविहीन क्रियाकलापलाई वशमा ल्याउनलाई नै होला तृणमूल प्रार्थी घोषणा गरेर जापविरुद्ध प्रहार गरिन्। जुन प्रहारले कालेबुङ छाड़ी बाँकी अन्य भागमा जापको तीव्र रफ्तारमा मन्दीपन छायो। जापको रफ्तार ठप्प हुनु गोजमुमोको निम्ति भने फाइदा थियो। ममतालाई पनि जापले भन्दा गोजमुमोले जितेको फाइदा थियो किनभने गोजमुमोसित सम्बन्धमा तिक्तता थियो अनि यही तिक्तताको कारण सम्बन्धको दुरुत्व बढ़ेर गएकोले मोर्चालाई सहुलियत र उपलब्धिहरू हासिल गर्न कठिनाइको सामना गर्नपर्ने स्थिति थियो। यसका साथै पहाड़मा फेरि छुट्टै राज्यको मागले प्रश्रय पाउने प्रशस्तै सम्भावना पनि थियो। यी सबै कुरालाई निक्यौंल गरेर नै हर्क सरलाई तृणमूल प्रार्थी घोषणा गरी जापमाथि ठूलो प्रहार गरिन्। यो कार्य ममताको निम्ति फाइदाजनक र बुद्धिमानी देखिन्थ्यो।

> राज्य सरकारसँग असल सम्बन्ध रहिन्जेल राजीनामा र गोर्खाल्याण्डको प्रसङ्ग नउठ्नु तर जब सम्बन्धमा तिक्तता आई विच्छेद हुन्छ तब राजीनामा र गोर्खाल्याण्डको कुरा उठ्नु अलिक के के नमिलेको जस्तो देखिन्छ।

अब लागौं हर्क सर र मोर्चामाझको सुपरहिट चलचित्र '**धोका**'-तिर। त्यतिखेर मोर्चा शिविरमा मात्र होइन सारा पहाड़मा हर्क सरको धोकाले तहल्का मच्चाएको थियो। सर्वप्रथमतः यो धोकामाथि चर्चा गर्नअघि म हर्क सरको धेरैअघिको विवादास्पद भोटाङे शरणार्थीहरूलाई दिएको तथाकथित धोकातिर पाठकवर्गको ध्यानाकर्षण गराउन चाहन्छु। हर्क सरको यो धोका वास्तविक हो वा होइन तर पनि एक गाढ़े घाउसरह केवल सुनेको भरमा प्रत्येक नेपालीको हृदयमा गाढ़िएर बसेको छ। यो पनि वर्तमानको क्रामाकपा-लाई माकपा छँदाको कलङ्क लागेजस्तै भएको छ। कता-कता पेपरमा पढ़ेजस्तो लाग्छ यस भूललाई क्रामाकपा-ले मानिलियो 'रे। यदि हो भने मुक्ति सङ्ग्रामको इतिहासमा एक कदमअघि बढ़ेको मानिलिन पर्छ। हर्क सरको पनि यो शरणार्थी कलङ्क वास्तविक हो भने जीवनभरि जिउँदोजाग्दो रहनेछ भन्ने कुरामा शङ्का नै छैन। हुन ता हामी जस्तोले उहाँलाई सल्लाह दिनु भनेको मुसाले हात्तीलाई लल्कारेजस्तो मात्र हो तर पनि जातीय उन्मुक्तिका प्रसङ्गहरूमा उहाँको पनि शारीरिक, मानसिक र बौद्धिक योगदान भएकाले बाक्लो दुधमा झिङ्गा पर्न गएझैं अनुभव हुँदछ।

अब कुरा अघि बढ़ाऔं। मैले सरको **सुनचरी**मा एउटा लेख पढ़ेको थिएँ। जुन लेखमा घटना यस प्रकार थियो- 'भोटाङे शरणार्थी नेता टेकनाथ रिजालको जयगाउँदेखि बागडुग्रा हवाइअड्डासम्मको भव्य स्वागतपूर्ण यात्रा थियो। जेलको लामो कारावासको यातना भोगी मुक्त बनेका अस्वस्थ टेकनाथ रिजाल स्वास्थ्यलाभको निम्ति दिल्ली हो या काठमाडौं कतै जानलाग्दा यो भव्य स्वागतपूर्ण यात्रा थियो।' बाटैभरि रिजालज्यूलाई अर्थात् जयगाउँदेखि बाघडुग्रा हवाइअड्डासम्म ठाउँ-ठाउँमा स्वागत जनाइएको घटना उल्लेख थियो। यस यात्रामा हर्क सर पनि सहभागी हुन आउँदा सरसित चिरपरिचित थुप्रै पुराना शरणार्थी मित्र (जसले चाहिँ हर्क सरसित सँगै काम गरेका थिए।) सरलाई देख्दा धेरै खुशी भएको घटना उल्लेख छ। फेरि अर्को चिरपरिचितले भन्दै थिए कि 'सर हामीलाई कति खुशी लाग्छ तपाईं अझ पनि हाम्रो साथमा हुनुहुन्छ।' टेकनाथ रिजाल जुन गाड़ीमा सवार थिए त्यही गाड़ीको पछिल्लोपट्टिको सिटमा हर्क सर पनि यात्रामा थिए। एक जग्गा गाड़ी धिमा गतिमा हुँदा एक वृद्ध व्यक्तिले त्यस गाड़ीलाई रोकी केही लेखिएको सानो, सेतो कागज रिजालको हातमा थमाइदिँदै आशीर्वाद दिन्छ। रिजालज्यूले भावविह्वल बन्दै त्यो सानो कागज खोली पढ़न लाग्छन् जहाँ संस्कृतिमा धर्मशास्त्रका आशीर्वादका मन्त्रहरू उल्लेख गरिएको रिजालको ठीक विपरीतमा बसेका हर्क सरले स्पष्ट पढ़ेको घटना सरले उक्त लेखमा उल्लेख गर्न भएको छ। रिजालले त्यस कागजका टुक्रालाई म्वाई खाँदै निधारमा स्पर्श गराएको घटना छ।

मैले मेरो घरेलु पुस्तकालयमा पुराना सुनचरीहरू पनि राखेको छु। यस कारणले राखेको छु कि त्यहाँ मेरा थुप्रै लेख छन् साथै मेरै लेखहरू भएको पृष्ठमा सरको पनि लेखहरू छन्; जुन कुरो अघिबाटै उल्लेख गरिसकेको छु। सरका कतिवटा लेखहरू, अरू लेखकका विशेष लेखहरू, ऐतिहासिक दस्तावेजहरूको निम्ति पनि राखेको छु तर खेदको कुरो यो घटना भएको लेख पनि मैले राखेको थिएँ तर आजसम्म पाउन सकिनँ। यदि पाएको भए ठोस सवुत प्राप्त हुनेथियो। पाठकवृन्द टेकनाथ रिजालसितको हर्क सरको सहभागितालाई हेर्दा, पुराना शरणार्थी साथीहरू सरको उपस्थितिबाट प्रसन्न भएको देख्दा शरणार्थीहरूलाई धोका दिएजस्तो लाग्दैन। यदि धोका दिएको भए ठाटसित रिजाल सवारी भएकै गाड़ीमा हर्क सर पनि हुन्थेनन् होला। प्रिय पाठकवर्ग मेरो उद्देश्य यो होइन कि हर्क सरलाई निर्दोष सावित गरूँ तर भोटाङे शरणार्थी विषयमा सरले धोका दिएको विषयसम्बन्धी कसैसित ठोस प्रमाण छ र प्रमाणित गरिदिनु भए यो दीर्घ दिनदेखि सुन्दैमात्रै आएको अदृश्य कलङ्क सार्वजनिक हुने मौका पाउने थियो कि! यदि साँच्चै नै हो भने सर स्वयम्ले नै मानिलिनु भए भने झन् उत्तम।

प्रिय पाठकवृन्द! अब लागौं हर्क सरले विधायक पदबाट राजीनामा नदिँदा उब्जेका 'धोका' विषयतिर। यस विषयमा छलफल गरौं। विधायक पदबाट राजीनामा नदिँदा धोका दिएजस्तो मलाई लाग्दैन किनभने विधायक, सांसदहरूको राजीनामाले सरकारलाई ठूलै असर परेको हुनुपर्छ। उदाहरण तेलेङ्गना छ तर हाम्रो ता दुई विधायकको राजीनामाले केही असर परेन। विधायक पदबाट राजीनामा नदिँदा धोका ता होइन उल्टो एक विधायकले उसको क्षेत्रको निम्ति पाउनपर्ने सहुलियत र उपलब्धिहरू पो सबै गमाउछ ता होइन र? फेरि राजीनामा दिनु ता त्यतिबेला पो मज्जा आउँछ, जब सरकार अल्पमतमा परेको हुन्छ तर सरकारमा आफल-ताफल विधायक छँदाछँदै राजीनामा दिनु चाहिँ समुद्रबाट एक चम्ची पानी निकालेर समुद्र सुकाउँछु भन्ने खेजको जस्तो मात्रै हो। **जाप**को नीति यस्तै देखिन्थ्यो। विधायक भएर कर्तव्य पूरा गर्ने मात्र होइन, तृणमूलसित मिलेर होइन तर राज्य सरकारसित मिलेर एक विधायकले ल्याउनसक्ने र पाउनसक्ने सबै सहुलियत र अधिकार ल्याउने, यहाँका मूलभूत समस्याहरू राख्ने इत्यादि बुझिन्थ्यो। यसरी मिल्दा मिल्दा एक दिन यस्तो क्षण पनि आउँला कि मिलिजुलीको सरकार गठन होला अनि कथङ्कल, बहुसंख्यामा जुन दल छ त्यही दल पहाड़का तीन विधायकको चरण निश्चिय पर्नेछ किनकि सरकार गठन गर्नुछ। यतिबेला पो हुन्छ ता खेला अनि यति बेला पो महत्त्वपूर्ण बन्दछ ता राजीनामाको खेला

छुट्टै राज्यको प्रस्ताव पारित गर्ने हो भने समर्थन नत्र असमर्थन होइन र? यतिबेला राजीनामाको धम्की दिनु पनि बड़ो स्वादको कुरा हुन्छ ता? विगतमा केन्द्र सरकारसित यस्तै एक ऐतिहासिक भूल हुनगएको छ। तिनताक केन्द्रमा अटल बिहारी बाजपेयीको सरकार अल्पमतमा परी एकै भोट अर्थात् एक सांसदको कमीले गर्दा ढलेको थियो तर हाम्रो भने यहाँबाट बाइपास/बाइकटको कारण (त्यो एक भोट अर्थात् एक सांसद) यहाँबाट सांसद नै थिएन। यदि हुँदो हो! आजसम्म धेरैजना चुकचुकाउँछन्। यसरी केन्द्र र राज्यमा हाम्रो प्रतिनिधि नहुनु भनेको हामीले आफ्नो अधिकार गुमाउनु भन्ने तथ्य सत्य सावित भएको छ। त्यसर्थ, अबोप्रान्त यो बाइपास/बाइकट र राजीनामाको नचाहिँदो कुसंस्कारलाई हटाउन पर्ने देखिन्छ। राजीनामा दिनु/नदिनु परिस्थिति हेरेर मात्र उचित हुन्छ नत्र भने खोलाको गीत बन्छ।

एक समयमा मोर्चाका विधायकहरू पनि विधानसभाको ट्रेजरी बेन्च अर्थात् सत्तापक्षपट्टि अर्थात् अप्रत्यक्ष रुपमा तृणमूलपट्टि बसेकै हो। फेरि तृणमूलको स्थापना दिवसमा पनि कलकत्तामा भारी मात्रामा मोर्चाका शीर्ष नेताहरूले उपस्थिति दिएकै हो। अर्काको पार्टीको स्थापना दिवसमा अर्को पार्टीलाई कदाचित सुहाउने कुरो होइन। के बीजीपीको स्थापना दिवसमा कंग्रेसलाई सामेल हुन सुहाउँछ? हाम्रा कमान-बस्तीका निर्धो जनता पशुप्राणी, खेतीपाती, घाँस, दाउरा सबै माया मारी धेरै टाढ़ो हिँड़ेरै गएर मतदान गरेको के यतिकै लागि हो ता? ट्रेजरी बेन्चमा बस्नलाई कि गोर्खाल्याण्डका लागि? राज्य सरकारसँग असल सम्बन्ध रहिन्जेल राजीनामा र गोर्खाल्याण्डको प्रसङ्ग नउठ्नु तर जब सम्बन्धमा तिक्तता आई विच्छेद हुन्छ तब राजीनामा र गोर्खाल्याण्डको कुरा उठ्नु अलिक के के नमिलेको जस्तो देखिन्छ। त्यसोसले हर्क सरले विधायक पदबाट राजीनामा नदिनु धोका दिएजस्तो लाग्दैन। धोका ता त्यतिबेला पो हुन्छ ता, जब उनले छुट्टै राज्य भनेर असंवैधानिक व्यवस्था ल्याउँछन्। हाल उनी जाप अध्यक्ष छन् अनि छुट्टै राज्यको कुरा पनि गर्दैछन्। छुट्टै राज्य ल्याए कुरो अर्कै हो तर संवैधानिक होइन असंवैधानिक व्यवस्था ल्याएर यसको चौकीमा बसेर आफूलाई नेता बनाउने, ठूलो पदसम्म पुर्‍याउने जनतालाई नै डर र अशान्तिको अगणतान्त्रिक माहोलमा राखे यसलाई 'धोकेबाज' भनिन्छ। नारा, जुलुस, अनशन, बन्द, किड्नीलाई असर परिन्जेल आमरण अनशनमा बसेर आफूलाई ठूलो चौकीको पदसम्म पुर्‍याउने जनतालाई नै 'गोर्खाल्याण्ड एक दिन अवश्यै हुन्छ' भन्दै भय, त्रासको अगणतान्त्रिक वातावरणमा राखेर अदृश्य रुपमा तानाशाही वातावरण सृष्टि गरे यसलाई धोका होइन तर '**महाधोका**' भनिन्छ। यस दिनदेखि ड. हर्कबहादुर छेत्रीलाई जसले विश्वास गर्छ, जसले भोट हाल्छ, जसले उनको झण्डीलाई समाउँछ त्यो व्यक्ति महाविद्वान नै किन नहोस् ऊ पनि महाधोकेबाजमा नै गन्ती आउँछ।

**-: विधानसभा चुनाउ र नगरपालिका चुनाउमा जाप हार्नुका कारणहरू :-**

जनता जनार्दनमा यस्तै कतिपय कुरा- जस्तै भोटाङे शरणार्थीहरूलाई धोका दिएको, विधायक पदबाट राजीनामा नदिँदा अर्को शङ्का भइरहेको बेला ममताले हर्क सरलाई तृणमूल प्रार्थी घोषणा गरिदिँदाको दिग्भ्रमित कुराहरू जनताको मनमा गहिरो छाप बसेको कारणले नै जापले विधानसभा चुनाउमा पराजयको सामना गर्नु पर्‍यो भन्ने मलाई लाग्छ।

यसरी हर्क सरविरुद्ध जनताको मानसपटमा यस्तै नकारात्मक कुराहरूको छाप बसिरहेको समय ममता ब्यानर्जीद्वारा झन् सातवटा जिल्लाको डेभलपमेन्ट भाइस चेयरम्यानको पद र चौकी लिएकाले पनि नगरपालिका चुनाउमा हारको सामना गर्नपर्‍यो। यो डेभलपमेन्ट भाइस चेयरम्यानको पद लिनु पनि हर्क सरको चाहना होइन बाध्यता थियो किनभने गुण तिर्नुलाई, आभारी बन्नलाई। फेरि विमल गुरुङ एक महिना कालेबुङ बसी धेरै योजनाको शिलान्यास गरेकाले अनि ठिकै यति नै बेला तृणमूल नेता इन्द्रनील सेनले पनि विमल गुरुङविरुद्ध मनपरी भनिदिएकाले पनि मोर्चालाई विजयको प्रशस्त मार्ग खोलिन गयो भने जापलई हार। वास्तवमा भन्नु पर्दा तृणमूल नेताको भाषणले आक्रोश बनेको जनताको भोट मोर्चामा नगएर जापमा जानपर्ने हो तर हर्क सरविरुद्ध नकारात्मक सोच रहेको कारण यस्तो हुन सकेन।

**निष्कर्षः** यस्तै कतिपय कमी-कमजोरीका कारणले पहाड़का मानिसरहरूले हर्क सरदेखि विश्वास गुमाएझैं छ। गुमाएको विश्वास फेरि प्राप्त गर्नु हो भने सर्वप्रथमतः पुरानो, गाढ़े, कलङ्क भोटाङे शरणार्थीहरूलाई धोका दिएकै हो भने यो भूललाई जातिकै निम्ति पनि मानिलिन पर्‍यो कि ता निर्दोष हुनुहुन्छ भने निर्दोष प्रमाणित गर्नपर्‍यो। **दोस्रो कुरो**- अबोप्रान्त बङ्गालले दिएका पदहरू पनि कहिल्यै लिनु भएन। हुन ता अघि नै उल्लेख गरिसकेको छु कि त्यो ता बाध्यता थियो। यति गर्नु भए गोर्खा जातिले फेरि एउटा होनहार र अग्रणी नेता पाउनेछ तर भूल स्वीकार नगरी, कुरा स्पष्ट नराखी जति नै महान कार्य गरिए पनि मानिसमा शङ्का ता रहेकै हुन्छ।

चाहे त्यो काम सत्य र पवित्र नै किन नहोस्। यसोसले फेरि एकपल्ट गङ्गा नहुउनै पर्ने बाध्यता देखिँदैछ किनभने जातीय उन्मुक्तिको सङ्ग्राममा वैकल्पिक अगुवाहरूमध्ये तपाईं पनि एक अग्रज हुनुहुन्छ। पिल्सिसकेको, सड़िसकेको गोर्खा जातिका घाउहरूमा मलमपट्टी गरिदिने तपाईंजस्तै एक योग्य अगुवाको नेतृत्वको अतिआवश्यक छ। त्यसपछि ता सुनचरीकै उही पुरानो उग्र र विश्वासिलो ड. हर्कबहादुर छेत्रीमा निश्चय स्वतः परिणत हुनुहुनेछ। यसमा कुनै शङ्का छैन। परमेश्वरले तपाईंलाई अझ तीक्ष्ण बुद्धि, ज्ञान, शक्ति, क्षमता, सामर्थ्य, सुस्वस्थ्य शरीर र दीर्घायु प्रदान गरून् भनी शुभेच्छ र शुभकामनासहित आमेन!

व्यङ्ग्य

# तपाईंको देउसी हुलमा सामेल हुने निवेदन

■ दयाराम भट्टराई तादोङ

**झिलिमिली झिलिमिली - देवश्री राम!**
**झिलिमिली झिलिमिली - देवश्री राम!**
**के-को झिलिमिली - देवश्री राम!**
**फूलको झिलिमिली - देवश्री राम!**
**बत्तीको झिलिमिली - देवश्री राम!**
**वर्षैं दिनको - देवश्री राम!**
**चाड़ मनाउन - देवश्री राम!**
**झतु जनाउन - देवश्री राम!**

पुण्य कोइरालाले गत असोज २४ गते विक्रम सम्वत् २०७४ तथा अक्टोबर ९, २०१७ मा दिएको विज्ञापन '**आउनु होस्! देउसीको टिममा भेकेन्सी खुल्दैछ**' पढ्नु पाउँदा मलाई हुनसम्मको आनन्द लाग्यो। आफू यस हुलमा सामेल हुनका निम्ति यो मेरो अगावै **निवेदन पत्र**। मैले यस टोलीको ठाउँ ठेगाना खोजिहेरेँ तर कतै पाइनँ। यसकारण यसै दैनिक समाचारपत्रद्वारा निवेदन पत्र पठाउँदै छु। आशा छ मेरो सदस्यता पञ्जिकृत अवश्यै हुनेछ। मेरो व्यक्तिगत विवरण यसप्रकार छः-

१) **नामः** भट्टिघरे काइँला

२) **उमेरः** पचास वसन्त पार (पाँच वर्ष फाउ पनि)

३) **शैक्षिक योग्यताः** कनिकुथीकन गोठमा बस्दा बाँसका भाटा र मकैका ढोड़ बालेर रामायण, महाभारत, कृष्ण-चरित्र, देवी भागवत्, गुणरत्नमाला, नम्र निवेदन, सयपत्रीको थुँगो, आचार मञ्जरी, शिखरनाथ भाष्य, हरिशचन्द्रको कथा, प्रह्लाद भक्ति कथा, स्तोत्र रत्नवली, विवाह लीला, पिनासको कथा, मैतालु चेलीलाई अर्ती, अद्भूत रामायण, बेला पञ्चाङ्ग, खाँड़ो जगाउने, कोमल गीता, ज्योतिषसार र कुनै कुनै फाट्फुट पुस्तकका पाना पल्टाएको भन्दा धेर अर्काले भनेका श्लोक सपना-विपनामा सुनेको।

४) **अनुभवः** जन्ती भएर गएको, भतेरमा भात खान लुगा छोड़ाउँदा सुरूवालको बाउलो नखुस्किँदा रातभरि भोकै रहेको।

५) **वर्तमान पेशाः** गाड़ीघोड़ामा चढ्दा रिङ्गटा चलेर रूख कुद्ने र घोड़ाबाट लड़ेर निधारमा फुरौलो जत्रो टुटुल्को उठेकाले आजकल ११ नम्बरमा लमक्-लमक्।

६) **अन्य रूचिः** विकामेलाई अल्मल्याएर, कुसंगततिर जाँदै गरेकालाई बाटैमा रोक्ने र सकेदेखि सत्संगत् मार्गमा हिँड़ाउने प्रयास, भ्रष्टाचारीलाई-शिष्टाचारी भाषण दिने, दुराचारीलाई सदाचारी अर्ती उपदेश दिने र मान्दै नमान्नेलाई तपाईं जाँदै गर्नुहोस्, फर्किआउनु भयो भने फेरि भेटौंला भनी त्यहाँबाट छुट्टिने।

पुण्य कोइरालाजी! तपाईंले यो टिकट नपाएर ठुस्किएर पर सरेका पञ्चायतलाई आफ्नो निकट्तम आकर्षण संस्था खोलेर धेरैलाई थोरै दिन भए पनि मनोरञ्जन गराउने कार्यशाला खोल्नु हुँदैरहेछ र यहाँको संस्थाले मेरा मनमा लागेका गोलीगाँठा हजुरले नै फुकाइदिनु हुन्छ भन्ने पूर्णतः विश्वस्त छु। यहाँले अङ्ग्रेजी शब्द धेरै नै प्रयोग गर्नु भएको रहेछ, यो विज्ञापन पत्रमा मैले त ती शब्दले दिएको अर्थ राम्रो लगाउन सकिनँ। यो शब्दको अर्थ यो होला भन्ने अन्दाज मात्रै काट्दैछु। हुन ता आजकल अङ्ग्रेजी सौदा छेउमा राखेर नेपाली शब्दमा बात मार्दा मान्छेले त्यत्ति बुझ्झेझैं गर्दैन तर नेपाली सौदा छेउमा राखेर अङ्ग्रेजी शब्द प्रयोग गर्‍यो भने छोटै समयमा धेरै सौदा बेचिसकिन्छ। कसरी? तपाईंको फिलामा मुखबिनाको घाउ (अन्धे पिलो) भयो र तपाईंले भन्नु भयो 'मेरो फिलामा पिलो निस्केर सुत्नु भएको छैन' भने त्यो तपाईंको हितैषी साथी भए पनि भोलिदेखि साथीको पिलो मलाई सर्छ भनेर छेउमा पनि आउँदैन तर यही शब्द अङ्ग्रेजीमा भन्नु होस्, 'सी हाइ स्विट पिलो इन म फिलो। डु यु वान्ट?' साथीले राम्रो हेर्न पनि नभ्याइकन भन्छ, 'प्लिज पास मी फर द टाइम बिइङ'। तपाईंको हुनेवाला जीवनसाथी भोकले व्याकुल छे र ऊ केही खान चाहन्छे। तपाईं उसलाई भन्नु होस्, 'भात छ तर चिसो छ। एकै क्षण पर्ख म भुटिदिन्छु। तपाईंले यहाँसम्म लगाएको पिरतीको गुण त्यही भत्काइराखेर सधैंका लागि टाढ़िन्छे तर यही कुरा अङ्ग्रेजीमा भन्नु होस्, 'ओ यु आर सो हङ्ग्री! प्लिज वेट फर ए वाइल। आइ व्हिल फ्राइ त मर्निङ राइस।' ऊ भोलि बिहानसम्म बसेर भए पनि बासी भात खाएरै जान्छे।

*क्रमशः...*